नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन शाखा)
☎ ०९१-५२११०१ 🖷 ०९१-५२२४४६
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
धनगढी,कैलाली

प.सं. ०७७।७८
च.नं.

मिति २०७७।०६।३०

## सूचना ! सूचना !! सूचना !!!

कोभिड-१९ संक्रमणको जोखिम यथावतै रहेको र मुलुक दिन प्रतिदिन यसको संक्रमणबाट गुज्रिरहेको सर्वविदितै छ। यस विषम परिस्थितिमा हाम्रो दैनिक जीवनयापन सहज ढंगले सञ्चालन समेत हुन सकिरहेको छैन। विश्वका धेरै मुलुकहरुमा महामारीको रुपमा विस्तार भैरहेको यस संक्रमणबाट कैलाली जिल्ला पनि उच्च जोखिममा रहेको वर्तमान परिप्रेक्ष्यमा सजगता अपनाउन, संक्रमणको विस्तारलाई रोक्न तथा सचेतनामूलक र प्रवर्द्धनात्मक कार्यहरु गर्न जरुरी रहेकोले यी सवै अवस्थालाई मध्य नजर गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) तथा संक्रमण रोग ऐन, २०२० को दफा २ (१) मा उल्लेखित व्यवस्था समेतका आधारमा श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूबाट यस्ता कृयाकलाप नगर्न/नगराउन जिल्लाबासीका नाममा मिति २०७७ भाद्र ३१ गते आदेश जारी भएको व्यहोरा विदितै छ।

यसै वीच नेपालीहरुको महान चाड विजय दशमी, तिहार र छट जस्ता पर्वहरु नजिकै आईरहेको र यस समयमा देश विदेशबाट मानिसहरुको आवागवन र टोल छिमेकमा चहलपहल वढ्न भई सक्रमणको जोखिम झन उच्च रहने सम्भावना देखिन्छ। एकातर्फ यी महान् चाड, पर्व मनाउने क्रममा द्रुत गतिमा फैलिरहेको कोभिड-१९ को संक्रमण व्यक्ति, परिवार, समुदाय हुँदै यत्रतत्र फैलने सक्ने सम्भावना रहेको उच्च सतर्कता र सावधानी अपनाउनु पर्ने देखिएको छ। अत: उल्लेखित जोखिम क्रमश: सहज गर्दै जाने र कोभिड-१९ को संक्रमण समेतलाई नियन्त्रण गर्न देहाय वमोजिम नगर्नु/नगराउनु आदेशानुसार यो सूचना जारी गरिएको छ।

क) एक आपसमा भौतिक दुरी कायम गर्ने, मास्क, स्यानिटाईजर वा साबुन पानीको प्रयोग गर्ने तथा नेपाल सरकारबाट विभिन्न मितिमा जारी भएको सुरक्षा मापदण्ड, जनस्वास्थ्य मापदण्ड लगायत अन्य मापदण्डहरु समेतको अनिवार्य रुपमा पालना गर्ने/गराउने।

ख) चाडपर्व मनाउँदा सकभर अनावश्यक यात्रा नगरी जो जहाँ छ यही रही आफ्नै परिवारका सदस्यहरु वीच मात्र मनाउने।

ग) जिल्ला भित्र सञ्चालन हुने कुनै पनि किसिमका मेला, जात्रा महोत्सव, समुहमा खेलिने खेलकुद प्रतियोगीता तथा मानिहरुको अनावश्यक भिडभाड र जमघट हुने खालका कुनै पनि कार्यहरु नगर्ने/नगराउने।

घ) कुनै राजनीतिक दल, संघ संस्था, क्लव, समुह वा सञ्जालहरुले भेला जम्मा भई शुभकामना आदान प्रदान गर्ने लगायतका कुनै पनि प्रकारका कार्यक्रम नगर्ने/नगराउने।

ङ) कुनै पनि मठ मन्दिर, गुम्वा, चर्च, मस्जित, गुरुद्वारा लगायतका धार्मिक र सांस्कृतिक महत्वका स्थानहरुमा हुने नित्य पूजा/पाठ, आराधना वाहेकका मानिस भेला जम्मा हुने गरी पूजा अर्चना, उत्सव, भजन, किर्तन, वली लगायतका कूनै पनि कार्य नगर्ने/नगराउने। साथै नजिकिदै गरेको वडा दशैमा घटस्थापना देखि दशमीसम्म जिल्लाका विभिन्न शाक्तिपिठ तथा मन्दिरहरुमा सर्वसाधारण भिड अत्याधिक हुने भएकोले, कोरोना संक्रमणको सम्भावित जोखिमलाई मध्यनगर गर्दै जिल्लाका सवै शक्तिपिठ र मन्दिहरुमा पुजारीले गर्ने नित्य पूजा/पाठ वाहेकका मानिस भेला जम्मा हुने गरी कुनै प्रकारका पूजा अर्चना, भजन, किर्तन, वली लगायतका कूनै पनि कार्य नगर्ने/नगराउने।

च) यातायात मापदण्डको पूर्ण पालना गरी, गराई मर्यादित र अनुशासित तवरबाट मात्र सार्वजनिक यातायात सेवा सञ्चालन र प्रयोग गर्ने गराउने।

शिवराज जोशी
प्रशासकीय अधिकृत